## कोभिड- १९ महामारीको समयमा

# सामाजिक सेवा एकाइ सञ्चालन सम्बन्धी अन्तरिम निर्देशिका, २०७७

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्राल
रामशाहपथ, काठमाडौं

# कोभिड- १९ महामारीको समयमा
# सामाजिक सेवा एकाइ सञ्चालन सम्बन्धी अन्तरिम निर्देशिका, २०७७

**प्रस्तावना:** सामाजिक सेवा एकाइ मार्फत अस्पतालहरूमा सेवा लिन आएका लक्षित समूहका व्यक्तिहरूलाई कोभिड-१९ महामारीको समयमा पनि सङ्क्रमण विरुद्ध पूर्ण सुरक्षाका उपायहरू अपनाएर सुरक्षित तथा सुव्यवस्थित तरिकाले सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन वाञ्छनीय भएकोले

सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो अन्तरिम निर्देशिका तयार पारेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

(१) **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस निर्देशिकाको नाम "कोभिड-१९ महामारीको समयमा सामाजिक सेवा एकाइ सञ्चालन सम्बन्धी अन्तरिम निर्देशिका,२०७७" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(२) **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

(क) **"सामाजिक सेवा एकाइ (SSU)"** भन्नाले लक्षित समूहका बिरामीहरूलाई स्वास्थ्य सेवामा समतामूलक पहुँच एवम् उपयोग अभिवृद्धि गर्ने, नि:शुल्क तथा आंशिक छुटमा नियमित तथा विशेषज्ञ सेवाहरू उपलब्ध गराउने,स्वास्थ्य बीमा, विपन्न नागरिक उपचार कोष, जेरियाट्रिक लगायत स्वास्थ्य सुरक्षा कार्यक्रमहरूको संयोजन एवम् सहजीकरण गर्ने उद्देश्यले केन्द्रीय, संघीय, प्रादेशिक, जिल्ला, सामुदायिक तथा शिक्षण अस्पतालहरूमा स्थापित एकाइहरूलाई सम्झनुपर्दछ ।

(ख) **"लक्षित समूहका बिरामी"** भन्नाले सामाजिक सेवा एकाइ स्थापना तथा सञ्चालन निर्देशिका, २०६९ (परिमार्जन २०७१) ले तोकेका अति/गरिब, असहाय, अपाङ्गता भएका परिचय-पत्रबाहक व्यक्ति, ज्येष्ठ नागरिक (परिचय-पत्रबाहक), लैङ्गिक हिंसा पीडित, विपद् एवम् प्राकृतिक प्रकोप (महामारी, भूकम्प, बाढी, पहिरो, आगलागी, आदि) बाट पीडित, दुर्घटनामा परेका अभिभावक नभएका बिरामी, सीमान्तीकृत तथा लोपोन्मुख आदिवासी, जनजाति, आदिलाई सम्झनुपर्दछ ।

(ग) **"आइसोलेसन कक्ष"** भन्नाले कोभिड-१९ सङ्क्रमणको लक्षणदेखि परीक्षण प्रतिवेदन आउनुअघि र परीक्षणपछि सङ्क्रमण पुष्टि भएका व्यक्तिलाई निर्धारित निर्देशिका अनुसार उपचार गर्नका लागि राखिने स्थानलाई सम्झनुपर्दछ ।

(घ) **"मन्त्रालय"** भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ङ) **"स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका तथा जिल्ला सभालाई सम्झनुपर्छ र सो शब्दले स्थानीय तहको वडा समिति समेतलाई जनाउँछ ।

(३) **निर्देशिकाको औचित्य:**

(क) कोभिड-१९ महामारीको समयमा पनि सामाजिक सेवा एकाइ खुला राख्नुपर्ने र अत्यावश्यक स्वास्थ्य सेवा लिन आएका लक्षित समूहका बिरामीहरूलाई जतिसक्दो चाँडो सेवा प्रदान गर्न आवश्यक भएकोले ।

(ख) अस्पतालहरूमा स्वास्थ्य सेवा लिन आएका लक्षित समूहका बिरामीहरूलाई कोरोना भाइरसको सङ्क्रमणबाट आफू पनि बच्न र परिवार तथा समुदायका मानिसहरूलाई पनि बचाउने उपायहरूका बारेमा सचेतना बढाउन जानकारीमूलक सन्देश प्रवाह गर्नुपर्ने आवश्यक देखिएकोले ।

(ग) कोभिड-१९ महामारी र यससँग सम्बन्धित बन्दाबन्दी समयको विशिष्ट परिस्थितिलाई सम्बोधन गर्नका लागि अतिरिक्त अस्थायी मार्गनिर्देशनको आवश्यक रहेकोले ।

(घ) सबै स्वास्थ्यकर्मीहरू लगायत सामाजिक सेवा एकाइका कर्मचारीहरूले कोभिड-१९ को सङ्क्रमणबाट आफू र स्वास्थ्य सेवा लिन आउनेहरूलाई सुरक्षित राख्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हालै जारी गरेको ***स्वास्थ्यकर्मीहरूका लागि कोभिड-१९ हाते पुस्तिका*** (https://heoc.mohp.gov.np/update-on-novel-corona-virus.covid-19/) को अनिवार्य रूपमा अनुशरण गर्नुपर्नेछ ।

(४) **निर्देशिकाको उद्देश्य:** यस निर्देशिका तर्जुमा गर्नुको उद्देश्य देहाय बमोजिम रहेको छ:

(क) कोभिड-१९ महामारी र बन्दाबन्दीको अवधिमा लक्षित समूहका बिरामीहरूलाई सुरक्षाका उपायहरू अपनाएर अनिवार्य रूपले सेवा उपलब्ध गराउनु,

(ख) सामाजिक सेवा एकाइका कर्मचारी तथा लक्षित समूहका सेवाग्राहीहरूलाई कोभिड-१९ महामारीबाट सुरक्षित राख्न, जोखिम घटाउन र सेवालाई प्रभावकारी ढङ्गबाट सञ्चालनमा राख्न मार्गदर्शन प्रदान गर्नु ।

## परिच्छेद-२
## सङ्क्रमण रोकथामका न्यूनतम मापदण्डहरू

(५) स्वास्थ्य संस्था, अस्पताल एवम् सामाजिक सेवा एकाइमा सेवा लिन आएका लक्षित समूहका बिरामीहरूलाइ 'कोभिड-१९को सङ्क्रमणबाट सुरक्षित राख्न रोकथामका सबै चरणहरूलाई अनुशरण गर्दै उनीहरूलाई आवश्यक पर्ने हरेक सेवा प्रदान गर्नुपर्ने छ ।

(६) स्वास्थ्य संस्था एवम् अस्पतालमा आउने सबै लक्षित समूहका बिरामीहरूलाई सामाजिक सेवा एकाइमा पठाउनुअघि उनीहरूमा कोरोना भाइरस सङ्क्रमणको लक्षण भए नभएको जाँच गर्नुपर्ने छ । सङ्क्रमणको जाँच, सुरक्षा र नियन्त्रणका उपायहरूका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको ***स्वास्थ्यकर्मीहरूका लागि कोभिड-१९ हाते पुस्तिका लगायत अन्य निर्देशिकाहरू***मा प्रदान गरिएका निर्देशनहरूको पालना गर्नुपर्ने छ । सो निर्देशिकाहरूका लागि मन्त्रालयको वेवसाइट https://heoc.mohp.gov.np/update-on-novel-corona-virus.covid-19/ हेर्नुहोस् ।

(७) सामाजिक सेवा एकाइको प्रवेशद्वारमा लक्षित समूहकाबिरामीर उनीहरूसँगै आएका व्यक्तिले सेनिटाइजरको प्रयोग गर्नुपर्ने वा २० सेकेन्डसम्म साबुन पानीले मिचिमिचि दुवै हात धुनुपर्ने छ । त्यसैगरी बिरामीको परीक्षण/उपचार गर्ने सिलसिलामा उपचार गर्नुभन्दा अगाडि र सोभन्दा पछाडि संलग्न हुने स्वास्थ्यकर्मीहरू लगायत सेवाग्राहीले सेनिटाइजर वा सावुन पानीले दुवै हात धोएको हुनुपर्ने छ ।

(८) सबै सेवाग्राहीहरूलाई तल उल्लिखित प्रश्नावलीहरूको माध्यमबाट स्क्रिनिङ गर्नुपर्ने छः

| प्रश्नहरू | निर्देशनहरू |
|---|---|
| • के उनीहरूले विगत १४ दिनमा नेपाल बाहिर यात्रा गरेका थिए ?वा के उनीहरू विगत १४ दिनमा नेपाल बाहिर यात्रा गरेको कुनै पनि व्यक्तिसँग शारीरिक निकटतामा थिए? | • बसमा यात्रा गरेको हुँदैमा वा कसैसँग यात्रामा सम्पर्क हुँदैमा त्यो व्यक्ति कोरोना भाइरसबाट सङ्क्रमित छ भन्ने हुँदैन । तर पनि यात्रा गरेको भएमा वा यात्रा गरेको व्यक्तिसँग निकट सम्पर्कमा आएको भएमा उनीहरू अलग बस्नुपर्दछ । यदि उनीहरूमा कुनै लक्षणहरू विकास भएमा सोको जानकारी अस्पताललाई गराउनुपर्ने छ । |
| • के उनीहरूमा कुनै सुख्खा खोकी, ज्वरो, श्वास फेर्न गाह्रो हुने समस्या छ? (कोभिड-१९ का लक्षणहरू) | • सबै खोकी र ज्वरो कोरोना भाइरस सङ्क्रमणका लक्षण होईनन् । खोकी लागेको छ भने उनीलाई मास्क उपलब्ध गर्नुपर्ने छ र ज्वरोको लागि फोनमार्फत डाक्टरसँग सल्लाह लिन सक्नुहुनेछ । सम्भवतः उनीलाई आइसेलेशनमा राख्ने सल्लाह दिइन्छ ।<br>• यदि उनीलाई श्वास फेर्न गाह्रो भएको छ भने तत्काल अस्पतालमा तोकिएको चिकित्सकलाई जानकारी गराउनु पर्नेछ ताकि उनीले समयमै |

| | |
|---|---|
| | आवश्यक उपचार सेवा प्राप्त गर्न सक्दछन् । |
| ● के उनीहरूलाई पूर्ववत रूपमा कुनै मुटु, फोक्सो, मधुमेह, क्यान्सर, दम र दोहोरिएको सङ्क्रमण सम्बन्धी स्वास्थ्य समस्या थियो/छ ? के उनीहरू कुपोषणको समस्याबाट गुज्रिरहेका छन् ? | ● पूर्ववत स्वास्थ्य समस्या भएका व्यक्तिहरू र कुपोषित वा वृद्ध अवस्थाका मानिसलाई कोभिड-१९ ले बढी असर गर्दछ ।<br>● उनीहरूलाई विशेष ध्यान दिनुपर्ने छ र सावधानीपूर्वक अवलोकन गर्नुपर्ने छ । कोभिड-१९ का कुनै लक्षण देखिएमा अस्पतालमा तोकिएको चिकित्सकलाई जानकारी गराउनुपर्ने छ । |

(९) सँधै गरेजस्तै गरी लक्षित समूहका बिरामीहरूका बारेमा जानकारी लिइसकेपछि कोभिड-१९ महामारीको सङ्क्रमणबाट सुरक्षित रहने उपायहरूका बारेमा जानकारी गराउने :

(क) परीक्षण वा उपचारमा संलग्न चिकित्सक तथा कर्मचारी बाहेक अन्य व्यक्तिले कम्तीमा २ मिटर भौतिक दूरी कायम राख्नुपर्ने;

(ख) साबुन र पानीले बारम्बार २० सेकेन्डसम्म मिचिमिचि दुवै हात धुने, सामाजिक सेवा एकाइ प्रवेश गर्ने बित्तिकै र सामाजिक सेवा एकाइ एवम् अस्पतालबाट बाहिर निस्केपछि र घर पुगेपछि त्यसैगरी हात धुने वा सेनिटाइजरले निसङ्क्रमण गर्नुपर्ने;

(ग) हातले अनुहार, नाक, मुख र आँखाहरू छुन नहुने;

(घ) हाछ्यूँ गर्दा वा खोक्दा मुख र नाक टिस्यू पेपर वा हाते रुमालले छोप्ने वा बाहुला वा कुहिनोले ढाक्ने, तर हातले नछोप्ने । यदि हात प्रयोग गरियो भने तुरून्त आफ्ना हातहरू सावुन पानीले कम्तीमा २० सेकेण्डसम्म मिचिमिचि धुनुपर्नेछ । हात धोएपछि टिस्यू पेपर वा रुमालले हात पुछ्नुपर्ने छ । प्रयोग गरेका टिस्यू पेपरलाई फोहोर मैला फ्याँक्ने बन्दभाँडोमा फाल्नुपर्नेछ र आफ्ना दुवै हातहरू धुनुपर्ने छ । खोक्दा वा हाछ्यूँ गर्दा वा हात पुछ्दा प्रयोग भएका कपडा/रुमाललाई सावुन पानीले धुनुपर्ने छ;

(ङ) विशेषगरी यदि खोकी वा रुघा लागेको छ भने स्वास्थ्यकर्मीको सल्लाह अनुसार साधारण कपडाको मास्क वा सर्जिकल मास्क लगाउनुपर्ने छ ।

(१०) लक्षित समूहका बिरामीलाई अस्पतालभित्रकै अन्य विभागमा वा माथिल्ला अस्पतालमा प्रेषण गर्नुपर्ने भएमा निजहरूलाई कोरोना भाइसरको सङ्क्रमणबाट सुरक्षित रहने उपायहरूबारे जानकारी दिनुपर्ने छ ।

(११) एक सेवाग्राहीको उपचारमा प्रयोग भएका उपकरण/सामग्रीहरूलाई उपचारपछि लगत्तै ७०% इथाइल अल्कोहलको प्रयोगद्वारा निसङ्क्रमण गरेको हुनुपर्ने छ । त्यसैगरी ती उपकरण/सामग्रीहरू अर्को सेवाग्राहीको उपचारमा प्रयोग गर्नुभन्दा अघि पनि त्यसैगरी निसङ्क्रमण गरेको हुनुपर्ने छ ।

(१२) प्रत्यक्ष रूपमा लक्षित समूहका बिरामीहरूको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरू बाहेक सामाजिक सेवा एकाइका कर्मचारीहरू र अन्य उपस्थित व्यक्तिहरूले एक-आपसमा कम्तीमा २ मिटरको भौतिक दूरी कायम गर्नुपर्ने छ।

(१३) सामाजिक सेवा एकाइको प्रवेशद्वार र सबै कोठाहरूमा निसङ्क्रमण गर्ने औषधि, सेनिटाइजर र साबुन पानीले हात धुने सुविधा भएको हुनुपर्ने छ । यदि हात धुने वेसिन उपलब्ध छैन भने बाटा र बाल्टिनमा पानी र साबुन उपलब्ध गराउनुपर्ने छ । सबै कर्मचारीले हात सुकाउन या त आफ्नै तौलियाको प्रयोग गर्नुपर्छ वा कागजको तौलियाको प्रयोग गर्नुपर्दछ । कागजको तौलिया प्रयोगपछि त्यसलाई फोहोर मैला फ्याँक्ने बन्द भाँडोमा फ्याँक्नुपर्छ । प्रयोग भएका कपडाका तौलियालाई सावुन पानीले धोएर घाममा सुकाउनुपर्दछ ।

(१४) सेवाग्राहीले कुनै दस्तखत गर्दा सकभर आफ्नै कलम प्रयोग गर्न लगाउनुपर्ने छ । यदि उनीहरूसँग कलम नभएमा उनीहरूलाई दिएको कलम प्रयोगपछि सेनिटाइजरले निसङ्क्रमण गरेर मात्र सम्बन्धित व्यक्तिले लिनुपर्ने छ ।

(१५) सबै बाथरूमहरूमा सदैव हात धुने साबुन वा ह्याण्डवाशको बोतलको व्यवस्था गर्नुपर्ने छ ।

(१६) अक्सर छुइने स्थानहरू वा सामग्रीहरू दैनिक रूपमा सफा गरी सङ्क्रमणरहित बनाउनुपर्ने छ । यसमा टेवल, कुर्सी, ढोकाका ताल्चा, बत्तीका स्वीच, काउन्टरटप, ह्यान्डल, डेस्क, फोन, कीबोर्ड, शौचालय, नली/टुटी, डब्बाका साथै हात र भाँडा माझ्ने वेसिन पर्दछन्। यसका लागि ७० प्रतिशत इथाइल अल्कोहल भएको स्यानिटाइजर वा साबुन पानीको प्रयोग गर्नुपर्ने छ ।

(१७) साझा शौचालय र स्नानगृहको प्रयोगपछि प्रत्येक प्रयोगकर्ताले त्यसका सबै सतहहरू सफा र सङ्क्रमणरहित बनाउनुपर्छ । यसका लागि शौचालयको दिशा वा पिसाव गर्ने प्यान, हात धुने वेसिन, धारा, बाल्टिन, मग, ढोकाका कब्जा वा चुकुलहरूलाई निसङ्क्रमण पार्ने स्यानिटाइजर उपलब्ध गराउनुपर्ने छ ।

(१८) बन्दाबन्दीको समय विस्तार हुँदाको बखतका लागि केन्द्रलाई चाहिने अत्यावश्यक सामग्रीहरू जस्तैः साबुन, सेनिटाइजर, मास्क (सर्जिकल र साधारण) को जोहो गर्नुपर्ने छ ।

(१९) बन्दाबन्दीको अवधि बढाइएको बारेमा सामाजिक सेवा एकाइका सबै कर्मचारीहरूलाई जानकारी गराइ उनीहरूलाई केन्द्रसम्म आवत-जावतका लागि गरिएको व्यवस्थाका बारेमा समेत जानकारी गराउनुपर्ने छ ।

(२०) यदि तपाईंको अस्पताललाई कोभिड-१९को परीक्षण र उपचारका लागि आधिकारिक अस्पताल मानिएको छैन भने यसका लागि सबैभन्दा नजिकको आधिकारिक अस्पताल पत्ता लगाई विस्तृत जानकारी प्राप्त गर्नुपर्ने छ । यदि लक्षित समूहका बिरामीलाई कोरोना सङ्क्रमणको आशङ्कामा कोभिड अस्पतालमा प्रेषण गर्नु परेमा सामाजिक सेवा एकाइबाट सो अस्पतालसम्म पुग्नका लागि यातायातको व्यवस्था गर्नुपर्ने छ ।

(२१) कोरोना भाइरस महामारीका कारणले स्वास्थ्यकर्मी र सामाजिक सेवा एकाइका कर्मचारीहरूले आफ्नो तनाव व्यवस्थापन गर्न आवश्यकता बमोजिम निम्न उपायहरू अपनाउन सक्नेछन् :

(क) दैनिक काम गर्ने तरिकामा फरकपन ल्याउने, पर्याप्त आराम लिने, नियमित तालिकामा पौष्टिक खाना समावेश गर्ने, नियमित व्यायाम गर्ने, लामो श्वास फेर्ने अभ्यास गर्ने, परिवार र शुभचिन्तकहरूसँग सम्पर्कमा रहने, आदि ।

(ख) तपाईंका परिवारका सदस्यहरूले पनि कोभिड-१९ को सङ्क्रमणबाट बच्नका लागि माथि बुँदा नं. ६ मा उल्लिखित सबै मार्गनिर्देशनहरूको पालना र अभ्यास गर्नुपर्ने छ । यदि तपाईं आफ्नो घर परिवारमा जानका लागि छुट्टी लिन आवश्यक छ भने तपाईंले सुपरिवेक्षक समक्ष कुरा राख्नुपर्ने छ र आफ्नो सट्टामा अरु कसलाई राख्ने भन्ने योजना तयार पार्नुपर्नेछ ।

(ग) यदि तपाईं वा तपाईंको परिवारको कुनै सदस्यले मनोसामाजिक परामर्श लिनु परेमा अस्पतालमा उपलब्ध परामर्शदातासँग फोनमार्फत सम्पर्क गर्नुपर्ने छ ।

(२२) **अनुगमन सम्बन्धी व्यवस्था :** यस निर्देशिकामा उल्लेख भए बमोजिमका कार्य भए नभएको सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनका लागि गठित समिति तथा राष्ट्रिय विपद् कार्यक्रमको कार्यढाँचा, २०७० अन्तर्गत गठित विषयगतक्षेत्र हेर्ने समितिहरूले अनुगमन गर्नेछन् । यसका साथै आवश्यकतानुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सम्बन्धित प्रदेश सामाजिक विकास मन्त्रालय र सम्बन्धित स्थानीय तहले समेत अनुगमन गर्न सक्नेछन् ।

## परिच्छेद-३
## विविध

(२३) **प्रचलित कानून बमोजिम हुने :** यस अन्तरिम निर्देशिकामा उल्लेख भएका विषयको हकमा यस निर्देशिका बमोजिम र अन्य विषयहरू मौजूदा कानून, प्रोटोकल एवम् निर्देशिका बमोजिम हुनेछ ।

(२४) **संशोधन :**कोरोना भाइरसको जोखिम बढ्दै गएमा निर्देशिकामा उल्लेखित सेवा सुविधाका विषयबाहेक अन्य विषयहरूमा आवश्यकतानुसार मन्त्रालयले थपघट गर्न सक्नेछ ।